# कक्षा १० को नेपाली विषयको जीवनी विधामा प्रयुक्त शब्द भण्डारको अध्ययन

**शोधकर्ता**

**लक्ष्मी तिमल्सेना** (पौडेल)

परीक्षा क्रमाङ्क २८८००८४/२०६७

त्रि.वि. दर्ता नं. १८८०४-९३

त्रिभुवन विश्व विद्यालय शिक्षाशास्त्र सङ्काय नेपाली भाषा शिक्षा विभाग अन्तर्गत नेपाली शिक्षा विशिष्टीकरण पाठ्यक्रमको स्नातकोत्तर तह पाचौँ पत्रको प्रयोजनका लागि प्रस्तुत

**शोधपत्र**

आदिकवि भानुभक्त क्याम्पस

दमौली, तनहुँ

२०७०/२०१४

# कृतज्ञता ज्ञापन

प्रस्तुत शोधपत्र लेखनका क्रममा मैले आफ्नो अध्ययनलाई गौण राख्दै विभिन्न विद्वान् वर्गहरुको सुझाव तथा सहयोगलाई प्रमुख स्थान दिएको छु । शोध शीर्षक चयनदेखि शोधपत्रले पूर्णता पाउँदासम्म निरन्तर रुपमा गुरुहरुको सुझाव र निर्देशनको पालना समेत गरेको छु । शोधपत्र लेखनका क्रममा हीनताबोध हुन नदिई उत्साह बद्र्धक रुपमा प्रेरणा र सुझाव दिने परम आदरणीय गुरु एवम् शोध निर्देशक सह.प्रा. डा. श्री ईश्वर चन्द्र वाग्लेप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । सोही कार्यमा महत्त्वपूर्ण सुझाव र सहयोग पुऱ्याउनु हुने आदरणीय गुरु श्री राम कुमार अधिकारीप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

त्यसैगरी शोधपत्र तयारीका क्रममा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा सहयोग, सल्लाह, प्रेरणा र उत्साह प्रदान गर्नु हुने अन्य गुरुहरुप्रति पनि चिरऋणी छु । गुरुहरुको अमूल्य समय र पथप्रदर्शन, सुझाव तथा सहयोगको लागि पुनः हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

प्रस्तुत शोधपत्र लेखनका क्रममा आवश्यक सहयोग गर्ने मेरा जीवनसाथी श्री वेद प्रसाद पौडेल तथा छोरी अनिसा र छोरा अनिसप्रति हार्दिक आभार प्रकट गर्दछु । यसका साथै शोधपत्रलाई छिटो र यथाशाक्य शुद्धसँग कम्प्युटर टाइप गरी कुशलताका साथ सम्पन्न गरिदिनु भएकोमा ‘स्वस्तिका स्टेसनरी’ दमौलीका सहयोगी मित्र श्री प्रेम बहादुर आले मगरलाई हार्दिक धन्यवाद दिँदै यो शोधपत्रको आवश्यक मूल्याङ्कनका लागि आदिकवि भानुभक्त क्याम्पस, शिक्षाशास्त्र सङ्काय नेपाली विभाग समक्ष प्रस्तुत गर्दछु ।

**लक्ष्मी तिमल्सेना**

# शोधसार

**शोध शीर्षक** : कक्षा १० को नेपाली विषयको जीवनी विधामा प्रयुक्त शब्द भण्डारको अध्ययन ।

**शोधकर्ता** : लक्ष्मी तिमल्सेना (पौडेल)

**शोध निर्देशक** : सह.प्रा.डा. श्री ईश्वर चन्द्र वाग्ले

**विभाग क्याम्पस** : त्रिभुवन विश्व विद्‍यालय, नेपाली विभाग, आदिकवि भानुभक्त क्याम्पस, तनहुँ ।

**शैक्षिक वर्ष** : २०७०

**जम्मा अध्याय** : ६

**पृष्ठ सङ्ख्या** : ५६

**शोध प्रयोजन**

प्रस्तुत शोधपत्र त्रिभुवन विश्व विद्‍यालय शिक्षाशास्त्र सङ्काय नेपाली भाषा विभाग अन्तर्गत स्नातकोत्तर तह द्‌वितीय वर्षको नेपा.शि.- ५९८ को आंशिक आवश्यकता पुरा गर्ने प्रयोजननार्थ प्रस्तुत गरिएको छ ।

**शोधका उद्‌देश्यहरु :**

क) कक्षा १० को नेपाली पाठ्‌य पुस्तकको जीवनी विधामा प्रयुक्त शब्दहरुलाई पदवर्गको आधारमा वर्गीकरण गर्नु ।

ख) सम्बन्धित विधामा प्रयुक्त शब्दहरुलाई स्रोतको आधारमा चिनाउनु ।

ग) सम्बन्धित विधामा प्रयुक्त शब्दका कमजोरीहरुको पहिचान र सुधारका उपाय पत्ता लगाउनु ।

**शोध प्रक्रिया :**

कक्षा १० को नेपाली पाठ्‌य पुस्तकको जीवनी विधामा प्रयुक्त शब्द भण्डारको अध्ययन शोध निर्देशक सह प्रा.डा. श्री ईश्वर चन्द्र वाग्लेको निर्देशकत्वमा सम्पन्न गरिएको हो । अध्ययनका क्रममा पुस्तकालयीय विधिलाई अपनाउँदै 'नेपाली बृहत् शब्दकोश' नेपाल

प्रज्ञा प्रतिष्ठान (सातौं संस्करण २०६७) को सहयोग लिँदै शब्द भण्डार अध्ययन सम्बन्धी अग्रजहरुको शोधहरुलाई मुख्य सामग्री बनाएर अध्ययन गरिएको छ । प्रस्तुत शोधपत्रमा कक्षा १० को जीवनी विधाको शब्द भण्डार अध्ययन रहेको छ र शब्द भण्डारको क्षेत्र विस्तृत हुने हुँदा अध्ययनमा पदवर्ग गत अध्ययन र शब्दस्रोतगत अध्ययन मात्र गरिएकोले विभिन्न विद्वानहरुद्वारा लिखित व्याकरणहरुलाई समेत सामग्रीका रुपमा प्रयोग गरिएको छ । पदवर्गहरुको रुपमा शब्द भण्डार अध्ययन गर्ने क्रममा प्रथमतः ९ प्रकारका पदवर्गहरुको सङ्क्षिप्त परिचय दिइ त्यसबाट जम्मा तिन वटा पाठहरु (१. जयपृथ्वी बहादुर सिंह, २. इमान सिंह चेमजोङ र ३. नेल्सन मण्डेला) मा रहेका शब्दहरुलाई ९ प्रकारका पदवर्गमा छुट्टाछुट्टै वर्णानुक्रम अनुसार विभाजन गरिएको छ । यस्तो स्रोतका आधारमा शब्द भण्डार अध्ययन गर्दा पहिले शब्दस्रोतको सङ्क्षिप्त परिचय प्रस्तुत गरी त्यस पश्चात् उक्त तिन वटा पाठहरुमा रहेका शब्दहरुलाई वर्णानुक्रम अनुसार नै विभाजन गरिएको छ ।

उक्त अध्ययनमा पदवर्गगत शब्द भण्डार अध्ययनमा प्राप्त शब्दहरुलाई गणना गरी प्रतिशतमा तालिकाबद्ध गरिएको छ । त्यस्तै शब्दस्रोतका आधारमा शब्दहरुको सङ्ख्या गणना गरी प्रतिशतमा पनि तालिकाबद्ध गरिएको छ ।

## निष्कर्ष तथा सुझाव

प्रस्तुत शोध अध्ययनको निष्कर्षलाई सङ्क्षिप्त रुपमा निम्न अनुसार प्रस्तुत गरिएको छ । कक्षा १० को नेपाली विषयको जीवनी विधामा प्रयुक्त शब्द भण्डारको अध्ययनमा शब्दवर्ग र शब्दस्रोतलाई समावेश गरिएको छ ।

क) विद्यार्थीहरुको स्तर र क्षमता अनुकूल शब्द चयनको लागि शब्द भण्डार अध्ययन आवश्यक देखिन्छ ।

ख) शब्द वर्गगत अध्ययनले विद्यार्थीहरुमा नौ (९) प्रकारका शब्दहरुको पहिचान र प्रयोग क्षमता बढाउने भएकोले उक्त पाठहरुमा सबै प्रकारका शब्दहरुको समानुपातिक प्रयोग हुनु आवश्यक देखिन्छ ।

ग) जीवनी विधा अध्ययनकै क्रममा पदवर्ग अन्तर्गत पर्ने निपात र विस्मयादि बोधक शब्दको प्रयोग न्यून रहेकोले त्यस्ता शब्द प्रयोगमा ध्यान दिनु पर्ने देखिन्छ ।

घ) कक्षा १० को नेपाली विषयको जीवनी विधा अन्तर्गत रहेका शब्दहरुलाई स्रोतका आधारमा वर्गीकरण गर्दा तत्सम र तद्भव शब्दको तुलनामा आगन्तुक शब्दको प्रयोग न्यून रहेको छ ।

ङ) हरेक पाठमा मौलिक शब्दको अनुपातमा आगन्तुक शब्दको प्रयोगलाई पनि न्यायोचित रुपले प्रयोग गर्नुपर्ने देखिन्छ ।

च) यस अध्ययनमा उक्त विधाको शब्दवर्ग र शब्दस्रोतलाई मात्र अध्ययन गरिएकोले, अन्य पक्ष, (कारक-विभक्ति, समास विग्रह-सान्धि, क्रियापद) मा पनि अनुसन्धान गर्न भावी शीर्षक चयन गर्न सकिने देखिन्छ ।

कक्षा १० को नेपाली विषयको जीवनी विधामा प्रयुक्त शब्द भण्डारको अध्ययन गर्दा शब्दस्रोत अन्तर्गत मौलिक शब्दको प्रयोग अत्याधिक रहेको देखिन्छ । उक्त विधा अन्तर्गत तिन वटै पाठका शब्दलाई सङ्ख्यात्मक रुपमा गणना गरिएको छ । यसरी गणना गर्दा तत्सम शब्द ४५.२७ प्रतिशत, तद्भव शब्द ४५.६४ प्रतिशत र आगन्तुक शब्द ९.०७ प्रतिशत रहेको देखिन्छ । त्यस्तै शब्द भण्डार अध्ययनका क्रममा गणना गर्दा ३७.३८ प्रतिशत नामपदहरु रहेका छन् । त्यस्तै विशेषण शब्दहरु २५.५५ प्रतिशत, क्रियायोगी शब्दहरु १३.७४ प्रतिशत, क्रियापद शब्दहरु ८.७२ प्रतिशत सर्वनाम शब्दहरु ६.७० प्रतिशत, संयोजक शब्दहरु ६.१४ प्रतिशत, नामयोगी शब्दहरु ०.००७ प्रतिशत रहेको पाइन्छ ।

उक्त अध्ययनले विद्यार्थीहरुमा पदवर्गगत र शब्दस्रोतगत प्रयोगका दृष्टिले विद्यार्थीहरुमा शब्द भण्डार सम्बन्धी ज्ञान हासिल गर्न टेवा मिल्ने देखिन्छ । परन्तु शब्द वर्गगत दृष्टिले प्रयोगमा आएका शब्दहरु समानुपातिक नरहेको कुनै पदवर्गको शब्द त पाठमा अत्यन्तै न्यून रहेकोले सबै प्रकारका शब्द प्रयोगमा ख्याल राख्नु पर्ने देखिन्छ । त्यस्तै शब्दस्रोतका आधारमा शब्द विन्यासलाई हेर्दा मौलिक शब्दको प्रयोग अत्याधिक रहनु न्यायोचित नै देखिन्छ । आगन्तुक शब्दहरुको प्रयोग न्यून रहेको र त्यसमा पनि अस्वाभाविक र अप्रचलित शब्दहरु देखिएकोले प्रचलित र सरल खालका आगन्तुक शब्दहरु प्रयोग गर्नु आवश्यक देखिन्छ । यसरी विद्यार्थीको अध्ययनलाई सरल र सहज बनाउनका लागि शब्द भण्डार अध्ययन आवश्यक देखिन्छ ।

# विषय सूची


| | | पृष्ठ सङ्ख्या |
|---|---|---|
| **आवरण पृष्ठ** | | |
| **सिफारिस पत्र** | | |
| **स्वीकृति पत्र** | | |
| **शोधसार** | | |
| **कृतज्ञता** | | |
| **सङ्क्षिप्त शब्दावलीको सूची** | | |
| **विषय सूची** | | |
| **तालिका सूची** | | |
| | **अध्याय : एक** | |
| | **शोध परिचय** | **१-६** |
| १.१ | शोध शीर्षक | १ |
| १.२ | शोधको प्रयोजन | १ |
| १.३ | पृष्ठभूमि | १ |
| १.४ | समस्या कथन | ४ |
| १.५ | शोधको उद्देश्य | ५ |
| १.६ | शोधको औचित्य | ५ |
| १.८ | शोधपत्रको सीमा | ६ |
| | **अध्याय : दुई** | |
| | **पूर्वकार्यको समीक्षा** | **७-१०** |
| २ | पूर्वकार्यको समीक्षा | ७ |
| | **अध्याय : तिन** | |
| | **शोध विधि** | **११-१२** |
| ३.१ | शोध विधि | ११ |

| | | |
|---|---|---|
| ३.२ | शोधपत्रको रुपरेखा | ११ |
| | **अध्याय : चार** | |
| | **शब्द भण्डारको अध्ययन** | **१३-२२** |
| ४.१ | परिचय | १३ |
| ४.२ | पदवर्गगत शब्द भण्डार | १५ |
| ४.३ | भाषा पाठ्य पुस्तकमा शब्द भण्डारको महत्त्व | १६ |
| ४.४ | पदवर्गगत शब्द भण्डारको परिचय | १६ |
| ४.५ | स्रोतका आधारमा शब्द भण्डारको परिचय | २१ |
| | **अध्याय : पाँच** | |
| | **पाठगत शब्द भण्डारको विश्लेषण** | **२३-५०** |
| ५.१ | जयपृथ्वी बहादुर सिंह | २३ |
| ५.१.१ | स्रोतका आधारमा समग्र शब्दहरुको वर्गीकरण | २३ |
| ५.१.२ | शब्दवर्गको आधारमा समग्र शब्दहरुको वर्गीकरण | २६ |
| ५.२ | इमान सिंह चेमजोङ | ३२ |
| ५.२.१ | स्रोतका आधारमा समग्र शब्दहरुको वर्गीकरण | ३२ |
| ५.२.२ | शब्दवर्गको आधारमा समग्र शब्दहरुको वर्गीकरण | ३३ |
| ५.३ | नेल्सन मण्डेला | ३९ |
| ५.३.१ | स्रोतका आधारमा समग्र शब्दहरुको वर्गीकरण | ३९ |
| ५.३.२ | शब्दवर्गको आधारमा समग्र शब्दहरुको वर्गीकरण | ४० |
| | **अध्याय : छ** | |
| | **उपसंहार** | **५१-५६** |
| ६.१ | निष्कर्ष | ५१ |
| ६.२ | सुझावहरु | ५४ |
| ६.३ | शैक्षिक प्रयोजन | ५५ |
| ६.४ | भावी अध्ययनका लागि सम्भावित शीर्षक | ५६ |
| | **सन्दर्भ ग्रन्थ सूची** | |

# तालिका सूची

पृष्ठ सङ्ख्या


तालिका नं. १ स्रोतका आधारमा समग्र शब्दको वर्गीकरण (जयपृथ्वी बहादुर सिंह) २३

तालिका नं. २ शब्द वर्गको आधारमा शब्दहरुको वर्गीकरण (जयपृथ्वी बहादुर सिंह) २६

तालिका नं. ३ स्रोतका आधारमा समग्र शब्दको वर्गीकरण (इमान सिंह चेमजोङ) ३३

तालिका नं. ४ शब्द वर्गका आधारमा समग्र शब्दको वर्गीकरण (इमान सिंह चेमजोङ) ३५

तालिका नं. ५ स्रोतका आधारमा समग्र शब्दको वर्गीकरण (नेल्सन मण्डेला) ३९

तालिका नं. ६ शब्द वर्गका आधारमा समग्र शब्दको वर्गीकरण (नेल्सन मण्डेला) ४२

तालिका नं. ७ तिन वटै पाठमा भएका समग्र शब्दको स्रोतका आधारमा वर्गीकरण ५२

तालिका नं. ८ तिन वटै पाठमा भएका समग्र शब्दको शब्द वर्गका आधारमा वर्गीकरण ५३

# सङ्क्षिप्त शब्दावलीको सूची

| | |
|---|---|
| फा. | : फारसी |
| अङ्. | : अङ्ग्रेजी |
| फ्रे. | : फ्रेन्च |
| हि. | : हिन्दी |
| तु. | : तुर्कैली |
| अ. | : अरबी |
| भो.ब. | : भोट बर्मेली |
| इटा. | : इटालीयन |
| % | : प्रतिशत |